# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ४) छत्रकोट गाउँपालिका, मितिः २०७७/०२/०४ (संख्याः १**


## भाग–२

### छत्रकोट गाउँपालिका, गुल्मी

### संवत् २०७७ सालको कार्यविधि नं. १

### कार्यविधिको नाम : छत्रकोट गाउँपालिकाको कोरोना रोकथाम तथा नियन्त्रण कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।०२।०१

<u>प्रस्तावनाः</u>

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार गर्ने कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा खटिने स्वास्थ्यकर्मी एवं अन्य कर्मचारी तथा पदाधिकारीहरु लगायतका जनशक्तीलाई कोरोना भाईरस रोकथाम कार्यमा संलग्न भई जोखिम

बहन गरि कार्य गर्नु पर्ने अवस्थालाई मनन गरी निजहरुले गरेको उल्लेखनीय कार्यमा थप हौसलाका लागी प्रोत्साहन गर्न संक्रामक रोग ऐन २०२०, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र छत्रकोटगाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिमको अधिकार प्रयोग गरि यो कार्यविधि तयार गरी जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"कोरोना रोकथाम तथा नियन्त्रण कार्यमा संलग्न कर्चारीलाई प्रोत्साहन सम्बन्धी कार्यविधी, २०७७"** रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपश्चात लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) **"गाउँपालिका"** भन्नाले छत्रकेट गाउँपालिका बुझिनेछ।

(२) **"कार्यालय"** भन्नाले गाउँ कार्यपालिकालाई बुझाउँछ। सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ।

(३) **"गाउँ कार्यपालिका"** भन्नाले छत्रकोट गाउँकार्यपालिकालाई बुझाउनेछ।

(४) **"सचिवालय"** भन्नाले यसै कोरोना भाईरस नियन्त्रण तथा रोकथाम सम्बन्धी कार्य गर्न गठित गाउँस्तरीय सचिवालय भन्ने बुझाउनेछ।

(५) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले छत्रकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ।

(६) **"कर्मचारी"** गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीलाई बुझाउनेछ।

(७) **"स्वास्थ्य संयोजक"** भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखाको स्वास्थ संयोजकलाई बुझाउनेछ।

(८) **"स्वास्थ्यकर्मी"** भन्नाले गाउँपालिकाभित्र रहेका सबै स्वास्थ्य संस्थाहरुमा कार्यरत सबै स्वास्थ्यकर्मीहरुलाई बुझाउनेछ। यस अन्तर्गत ल्याब टेक्निसियन तथा एम्बुलेन्स चालक समेतलाई बुझाउनेछ।

(९) **"उपचार"** भन्नाले कोभिड १९ को संक्रमण पहिचान, रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी स्वास्थ्य सेवा सम्झनु पर्दछ।

(१०) **"कोभिड-१९"** भन्नाले SARS-COV-2 भाईरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्दछ।

(११) **"प्रोत्साहन भत्ता"** भन्नाले कोभिड १९ को उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न जनशक्तीलाई उपचारको सम्बन्धी कार्य गर्दा जोखिम बहन गरेवापत प्रोत्साहत गर्न उपलव्ध गराउने सुविधा बुझ्नु पर्दछ।

(१२) **"जनशक्ती"** भन्नाले कोभिड १९ को संक्रमणको रोकथाम नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न स्वास्थ्यकर्मी (नर्स, प्यारामेडिक्स, ल्याब टेक्निसियन, पालिकाका पदाधिकारी तथा कर्मचारी, सुरक्षाकर्मी, सरसफाईमा संलग्न कर्मचारी, सवारी चालक, कार्यालय सहयोगी तथा सचिवालयले उपचारको कार्यमा खटाएको जो कोहीलाई बुझ्नु पर्दछ।

३. **प्रोत्साहन सुविधा :**

छत्रकोट गाउँपालिका भित्र कार्यरत स्वास्थ्यकर्मी एवं अन्य कर्मचारीहरुलाई लकडाउन अवधिभर कोरोना भाईरस रोकथाम तथा नियन्त्रण सम्वन्धी कार्य गर्दा देहाय बमोजिम थप सुविधा उपलब्ध हुनेछ ।

क) डाक्टर, आईसोलेसन तथा पि.सि.आर., आर.डि.टी. कार्यमा पहिलो पक्तिंमा रहीकार्य गर्ने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई खटिएको अवधिको लागि खाईपाई आएको तलवको १०० प्रतिशत भत्ता उपलब्ध गराईनेछ ।

ख) हेल्थ डेक्स तथा क्वारेन्टाईन कार्यमा दोस्रो पक्तिंमा रही कार्य गर्ने स्वास्थ्यकर्मीहरुलाई खटिएको अवधिको लागि खाईपाई आएको तलवको ५० प्रतिशत भत्ता उपलब्ध गराईनेछ ।

ग) स्वास्थ्य संस्थाहरु तथा सेवारत स्वास्थ्य कर्मचारीहरुलाई खटाईएको अवधिको लागि खाईपाई आएको तलवको ३० प्रतिशत भत्ता उपलब्ध गराईनेछ ।

घ) क्वारेन्टाईन व्यवस्थापन, आइसोलेसन व्यवस्थापन कार्य तथा कोभिड १९ को रोकथाम तथा नियन्त्रण कार्य, जनशक्ति व्यवस्थापन तथा कोभिड-१९ को नियन्त्रण रोकथामको अन्य व्यवस्थापकीय कार्यमा खटिने जनशक्तिलाई खटिएको अवधिको लागि खाईपाई आएको तलवको ५० प्रतिशत भत्ता उपलब्ध गराईनेछ ।

ङ) एम्वुलेन्स चालक तथा कार्यालयको सवारी चालकलाई लकडाउन अवधिभर सवारी चलाउँदाको दिनमा मात्र रु ४०० खाना खर्चको रुपमा उपलब्ध गराईनेछ ।

च) लकडाउन अवधिभर खटिएको सुरक्षाकर्मीको प्रतिदिन ( खटिउको दिनको मात्र) दैनिक रु.३०० को दरले भत्ता उपलब्ध गराईनेछ ।

४. **सुविधा पाउने आधार/मापदण्डः** बुँदा नं ३ बमोजिमको प्रोत्साहत भत्ता प्राप्त गर्न देहाय बमोजिमको विवरण खुलाई पेश गर्नु पर्नेछ।

- पहिलो र दोश्रो पंक्तीमा रही कार्य गर्ने स्वास्थ्यकर्मीहरुको हकमा छत्रकोट गाउँपालिकाका स्वास्थ्य शाखाबाट निजहरुले लकडाउन अवधिभर कोभिड १९ को उपचारमा खटिएको प्रमाणित विवरण खुलाई पेश गर्नु पर्नेछ।
- अन्य सचिवालयका पदाधिकारी तथा कर्मचारी हकमा निजहरुले कार्य गरेको विवरण तथा खटिएको प्रयोजन खुलाई प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

५. **बजेट/श्रोतको व्यवस्थाः** (१) प्रोत्साहत भत्ता तथा अन्य भत्ता सुविधा उपलब्ध गराउन आवश्यक रकमको व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ।

(२) गाउँपालिकाले कोभिड १९ सम्बन्धी कार्य गर्दा खर्च हुने भत्ता/सुविधाको रकम विपद् व्यवस्थापन कोषबाट गर्ने व्यवस्था मिलाउनु पर्नेछ। तर विपद् व्यवस्थापन कोषमा आवश्यक रकमको अभाव भएमा गाउँपालिकाले अन्य श्रोतबाट समेत खर्च/भुक्तानी गर्न सक्नेछ।

(३)यसरी खर्च गरिएको रकमको हिसाब गाउँपालिकाले बेग्लै राखु पर्नेछ। र सो को विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

६. **सुविधा पाउने अवधिः**कोभिड १९ को उपचार सम्बन्धी कार्य गर्दा जनशक्तीलाई उपलव्ध हुने यस कार्यविधी बमोजिमको भत्ता/सुविधाको अवधि चैत्र ११ गतेदेखि लागु हुने गरी लकडाउन कायम रही रहेमा २०७७ असार मसान्तसम्मको लागी मात्र हुनेछ। तर गाउँ कार्यपालिकाले आवश्यक ठानेमा अवधि थप गर्न समेत सक्नेछ।

७. **अन्य/विविधः** (१) यस कार्यविधिको कार्यान्वय गर्दा केही दुविधा पर्न गएमा गाउँपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

स्वीकृत मितिः २०७७/०२/०४

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत